# नेपाल गजेट

## भाग ४

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, श्रावण १६ गते २०१८ साल**

### नेपाल लोकसेवा आयोगको सूचना

निम्नलिखित अफिसहरूलाई निम्नलिखित पदहरू चाहिएकोले यस आयोगको पत्र पुगेको दिन मितिले उम्मेदवारहरूलाई दरखास्त दिन कमसेकम १॥ महीनाको अवधि दिई जिल्लाभर विस्तृत रूपले सार्वजनिक विज्ञापन गर्न निम्नलिखित मिति मितिमा लेखी गैसकेकोले इच्छुक योग्य नेपाली उम्मेदवारहरूले आफूले पाएका प्रमाणपत्रसहित विज्ञापन बमोजिम तोकिएको म्यादभित्र सम्बन्धित जिल्लामा पुग्नेगरी यस आयोगको दरखास्त फाराम नं. १(२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित दरखास्त (फी) दस्तूरसहित दरखास्त गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। अन्तर्वार्ताको कार्यक्रम सम्बन्धित जिल्लाबाटै प्रकाशित हुनेछ। साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, म्याद नाघी दाखिल भएको तथा दरखास्त (फी) दस्तूर नभएको दरखास्त उपर कुनै कारवाइ हुनेछैन। बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त (फी) दस्तूरसहित आफ्ना विभागीय प्रमुख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख) को सिफारिश पेश गर्नुपर्छ। दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा र गोस्वाराहरूमा पनि पाइनेछ। दरखास्त फाराम १ को मोल ने.रु. ।१० दश पैसा तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ। दरखास्त फाराम झिकाउंदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना नं. ३२२

१. पद र स्थानः श्री महेन्द्र आयुर्वेदीय (पाल्पा) रामपुर औषधालयलाई एकजना उप-वैद्य, नन्ग्याजेटेड् चतुर्थ श्रेणी (प्राविधिक), स्थायी तथा पेंसन पाइने।
२. आवश्यक न्यूनतम योग्यताः श्री ५ को सरकारबाट स्वीकृत आयुर्वेद विद्यालयमा पढी आयुर्वेद उप-वैद्य, वा सो सरह पास।
३. वाञ्छनीय योग्यताः सरकारी छात्रवृत्तिबाट वा आयुर्वेद मध्यमा पढी पास भएका-लाई ग्राह्यता दिने।
४. मासिक तलबको स्केलः ने.रु. ६०। देखि १०५। सम्म।
५. दरखास्त (फी) दस्तूरः नगद ने.रु. १। एक रुपैयां।
६. उमेरः उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ।
७. सम्बन्धित जिल्लाः पाल्पा गौंडा।
८. गौंडालाई लेखी गएको मितिः २०१८।३।२१।४.

## सूचना नं. ३२३

१. पद र स्थानः श्री महेन्द्र आयुर्वेदीय (बाग्लुङ्ग) पर्वत राखू औषधालयलाई एकजना उप-वैद्य, नन्ग्याजेटेड् चतुर्थ श्रेणी (प्राविधिक), स्थायी तथा पेंसन पाइने।
२. आवश्यक न्यूनतम योग्यताः श्री ५ को सरकारबाट स्वीकृत आयुर्वेदीय विद्यालयमा पढी आयुर्वेद उपवैद्य वा सो सरहसम्मको पासवाला।
३. वाञ्छनीय योग्यताः सरकारी छात्रवृत्तिबाट वा आयुर्वेद मध्यमा पढी पास भएका-लाई ग्राह्यता दिइनेछ।
४. मासिक तलबको स्केलः तलब ने.रु. ६०। देखि १०५। सम्म।
५. दरखास्त (फी) दस्तूरः नगद ने.रु. १। एक रुपैयां।
६. उमेरः उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ।
७. सम्बन्धित जिल्लाः बाग्लुङ्ग गौंडा।
८. गौंडालाई लेखी गएको मितिः २०१८।३।२१।४.

## सूचना नं. ३२४

१. पद र स्थानः श्री महेन्द्र आयुर्वेदीय पश्चिम ४ नम्बर औषधालयलाई एकजना उपवैद्य नन्गजेटेड् चतुर्थ श्रेणी (प्राविधिक), स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यताः श्री ५ को सरकारबाट स्वीकृत आयुर्वेदीय विद्यालयमा पढी आयुर्वेदीय उपवैद्य वा सो सरह पास।
३. वाञ्छनीय योग्यताः सरकारी छात्रवृत्तिबाट पढेका वा आयुर्वेदीय मध्यम पासवाला-लाई ग्राह्यता दिइनेछ।

३२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मासिक तलबको स्केलः ने.रु. ६०। देखि १०५। सम्म।
५. दरखास्त (फी) दस्तूरः नगद ने.रु. १। एक रुपैयां।
६. उमेरः उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ।
७. सम्बन्धित जिल्लाः पश्चिम ४ नं. गोस्वारा।
८. गौंडालाई लेखी गएको मितिः २०१८।३।२१।४.

## सूचना नं. ३२५

१. पद र स्थानः श्री महेन्द्र आयुर्वेदीय (पाल्पा) छहारा औषधालयलाई एकजना उपवैद्य, ननग्याजेटेड् चतुर्थ श्रेणी (प्राविधिक), स्थायी तथा पेंसन पाइने।
२. आवश्यक न्यूनतम योग्यताः श्री ५ को सरकार स्वीकृत आयुर्वेद विद्यालयमा पढी आयुर्वेद उपवैद्य वा सो सरहसम्मको पास।
३. वाञ्छनीय योग्यताः सरकारी छात्रवृत्तिबाट वा आयुर्वेद मध्यमा पढी पास भएकालाई ग्राह्यता दिने।
४. मासिक तलबको स्केलः ने.रु. ६०। देखि १०५ सम्म।
५. उमेरः उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ।
६. दरखास्त दस्तूरः नगद ने.रु. १। एक रुपैयां।
७. सम्बन्धित जिल्लाः पाल्पा गौंडा।
८. गौंडालाई लेखी गएको मितिः २०१८।३।२१।४.

## सूचना नं. ३२६

१. पद र स्थानः डडेलधुरा मिडिल स्कूललाई ३ जना मिडिल टिचर, ननग्याजेटेड द्वितीय श्रेणी (प्राविधिक), स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यताः एस्.एल्.सी. पास।
३. वाञ्छनीय योग्यताः शिक्षण कलामा अनुभव प्राप्त गरेको तथा आइ. ए. पास भएका-लाई ग्राह्यता दिइनेछ।
४. मासिक तलबको स्केलः ने.रु. १२५। देखि २३५। सम्म।
५. दरखास्त (फी) दस्तूरः नगद ने.रु. १। एक रुपैयां।
६. उमेरः उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ।
७. सम्बन्धित गौंडाः डडेलधुरा गौंडा।
८. गौंडालाई लेखी गएको मितिः २०१८।३।२१।४.

## सूचना नं. ३२७

१. पद र स्थानः आकाशवाणी हेड अफिसलाई दैलेख आकावाणीको निमित्त एकजना असिष्टेंट अपरेटर, नन्गजेटेड् तृतीय श्रेणी (प्राविधिक), स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यताः अंग्रेजीमा अष्टम श्रेणी स्कूल पाठशालामा पढी प्रमाणपत्र प्राप्त।

२७३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. वाञ्छनीय योग्यताः राम्रो लेख्न बोल्न सुन्न सक्ने तथा एस्.एल्.सी. पास भएकालाई ग्राह्यता दिइनेछ ।

४. मासिक तलबको स्केलः ने.रु. ८० देखि १५०। सम्म।

५. दरखास्त (फी) दस्तूरः नगद ने.रु. १। एक रुपैयां।

६. उमेरः उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ।

७. सम्बन्धित जिल्लाः दैलेख गौंडा।

८. गौंडालाई लेखी गएको मितिः २०१८।३।२१।४.

## सूचना नं. ३२८

१. पद र स्थानः शिक्षा विभागलाई सुदूर पश्चिमोत्तर जुम्लाको लागि एकजना प्राथमिक शिक्षक, ननगजेटेड् तृतीय श्रेणी (प्राविधिक), स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः संस्कृत मध्यमा पास।

३. वाञ्छनीय योग्यताः नर्मल स्कूलमा तालीम प्राप्त गरेकालाई विशेष ग्राह्यता दिइनेछ।

४. दरखास्त (फी) दस्तूरः नगद ने.रु. १। एक रुपैयां।

५. मासिक तलबको स्केलः ने.रु. ८० देखि १५०। सम्म।

६. उमेरः उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ।

७. सम्बन्धित जिल्लाः जुम्ला गौंडा।

८. गौंडालाई लेखी गएको मितिः २०१८।३।२१।४.

## सूचनानं. ३२९

१. पद र स्थानः पोखरा आकाशवाणीलाई एकजना असिष्टेंट अपरेटर, ननगजेटेड् तृतीय श्रेणी (प्राविधिक), स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः स्कूल पाठशालामा पढी अंग्रेजी नवम कक्षा उत्तीर्ण गरी प्रमाणपत्र पाएको।

३. वाञ्छनीय योग्यताः एस्.एल.सी. पास भएकालाई विशेष ग्राह्यता दिइनेछ।

४. मासिक तलबको स्केलः ने.रु. ८०। देखि १५०। सम्म।

५. दरखास्त (फी) दस्तूरः नगद ने.रु. १। एक रुपैयां।

६. उमेरः उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ।

७. सम्बन्धित जिल्लाः पश्चिम ३ नं. गोस्वारा।

८. गोस्वारालाई लेखी गएको मितिः २०१८।३।२१।४.

आज्ञाले-
विनोदप्रसाद धिताल
सचिव
लोकसेवा आयोग

३५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल लोकसेवा आयोगको विज्ञापन

निम्नलिखित विभाग अड्डाहरूलाई निम्न लेखिए बमोजिमका पदहरू चाहिएका छन् । योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १(२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित दरखास्त दस्तूरसहित निम्नलिखित मितिहरूमा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा बुझाउनु पर्छ । दरखास्त दिंदा आफूले पाएको शुरूदेखिको सक्कल प्रमाण-पत्रहरूको नक्कल र मार्कशीटको नक्कलहरू एवं नागरिकताको प्रमाण-पत्रसमेत सामेल राखी पेश गर्नुपर्छ । पेश गरेका प्रमाण-पत्रहरूको सक्कल प्रति अन्तर्वार्ताका दिन साथै लिई आउनु पर्छ । योग्य उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित मितिमा यस आयोगसंग सम्पर्क राख्नुपर्छ । सम्पर्कको दिन उम्मेदवारहरूले यस आयोगसंग सम्पर्क नराखेमा परीक्षा वा अन्तर्वार्ता को निमित्त अर्को सूचना गरिने छैन ।

दरखास्तको म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्मा भई सबैलाई असुविधा हुने हुँदा समयमा नै दरखास्त पठाउन सूचना गरिन्छ । साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, दरखास्त दस्तूर नरूएको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै विचार हुनेछैन । बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त दस्तूरसहित विभागीय प्रमुख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख) को सिफारिश पेश गर्नुपर्छ ।

दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा तथा गोस्वाराहरूमा पनि पाइनेछ । एक फारामको निमित्त ने.रु. ।१० दश पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ ।

## विज्ञापन नं. १६७

१. पद र स्थानः– पुरातत्त्व र संस्कृति विभागलाई एक जना ओभरसियर, नन्‌गजेटेड प्रथम श्रेणी, (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः– ओभरसियर पास गरेको वा सिभिल इञ्जिनियरिङ्गमा डिप्लोमा पास ।

३. वाञ्छनीय योग्यताः– फिल्डमा गई काम गर्नसक्ने हुनुपर्छ ।

४. मासिक तलब स्केलः– ने.रु. २००। देखि ३७५। सम्म ।

५. दरखास्त (फी) दस्तूरः– ने. रु. १।५० एक रुपैयाँ पचास पैसा ।

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– २०१८।४।१८।४.

७. सम्पर्क मितिः– २०१८।४।२५।४ का दिन ३ बजे ।

८. उमेरः– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

३६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## विज्ञापन नं. १६८

१. पद र स्थानः– श्री पद्म हाईस्कूल भक्तपुरलाई १ जना ड्रइङ्ग शिक्षक नन्गजेटेड द्वितीय श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः– आइ. ए. र ड्रइङ्ग पास ।

३. वान्छनीय योग्यताः– ड्रइङ्ग मा डिप्लोमा प्राप्त अनुभवीलाई विशेष ग्राह्यता दिइने छ ।

४. मासिक तलबको स्केलः– ने. रू. १२५। देखि २३५। सम्म ।

५. दरखास्त (फी) दस्तूरः– नगद ने.रु. १। एक रुपैयाँ ।

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– २०१८।५।१८।१.

७. सम्पर्क मितिः– २०१८।५।२६।२. का दिन ३ बजे ।

८. अभ्यास अवधि :– १ एक वर्ष ।

९. उमेरः– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. १६९

१. पद र स्थानः– त्रिपुरा आधार मिडिल स्कूल पूर्व २ नम्बर दोलखालाई दुइजना मिडिल शिक्षक नन्गजेटेड द्वितीय श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः– एस्. एल्. सी. पास ।

३. वान्छनीय योग्यताः– शिक्षा दिने काममा अनुभव भएका र नर्मल स्कूलमा तालीम प्राप्त भएकालाई ग्राह्यता दिइने छ ।

४. मासिक तलबको स्केलः– ने.रू. १२५। देखि २३५। सम्म ।

५. दरखास्त (फी) दस्तूर :– नगद ने.रु. १। एक रुपैयाँ ।

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– २०१८।५।१८।१.

७. सम्पर्क मितिः– २०१८।५।२३।६ का दिन ३ बजे ।

८. उमेरः– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं.. १७०

१. पद र स्थान :– पशुपति आधार हाईस्कूल चावेललाई एक जना शिक्षक, नन्गजेटेड प्रथम श्रेणी, (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः– बी. एस्सी., अथवा आइ. एस्सी. पास गरी बी. ए. पास ।

३. वान्छनीय योग्यताः– शिक्षण कलामा तालीम प्राप्त तथा शिक्षा दिने काममा अनुभव प्राप्त भएकालाई ग्राह्यता दिइने छ ।

४. मासिक तलबको स्केलः:– तलब ने.रु. २००। देखि ३७५ सम्म ।

५. दरखास्त (फी) दस्तूरः– नगद ने. रु. १।५० एक रुपैयाँ पचास पैसा ।

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– २०१८।५।१५।५.

३६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. सम्पर्क मितिः– २०१८।५।२१।४ का दिन ३ बजे ।
८. अभ्यास अवधिः– ६ महीना ।
९. उमेरः– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. १७१

१. पद र स्थानः– पद्म हाईस्कूल भक्तपुरलाई एक जना शिक्षक, नन्गजेटेड प्रथम श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यताः– इतिहास विषय लिई बी. ए. पास ।
३. वान्छनीय योग्यताः– शिक्षण कलामा तालीम प्राप्त तथा निजामती मध्यम पास भएकालाई विशेष ग्राह्यता दिइने छ ।
४. मासिक तलबको स्केलः– तलब ने.रु. २००। देखि ३७५। सम्म ।
५. दरखास्त (फी) दस्तूरः– नगद ने.रु. १।५० एक रुपैयाँ पचास पैसा ।
६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– २०१८।५।१५।५.
७. सम्पर्क मितिः– २०१८।५।२१।४ का दिन ३ बजे ।
८. अभ्यास अवधिः– १ एक वर्ष ।
९. उमेरः– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. १७२

१. पद र स्थानः– रानीपोखरी प्रधान पाठशालालाई एकजना माष्टर, नन्गजेटेड प्रथम श्रेणी, (प्राविधिक), स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यताः– शास्त्री (वेदमा) पास ।
३. वान्छनीय योग्यताः– शिक्षण कलामा तालीम प्राप्त भएकालाई ग्राह्यता दिइने छ ।
४. मासिक तलबको स्केलः– तलब ने.रु. २००। देखि ३७५। सम्म ।
५. दरखास्त (फी) दस्तूरः– नगद ने.रु. १।५० एक रुपैयाँ पचास पैसा ।
६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– २०१८।।५।१।८१
७. सम्पर्क मितिः– २०१८।५।२३।६ का दिन ३ बजे ।
८. अभ्यास अवधिः– ६ महीना ।
९. उमेरः– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनु पर्छ ।

## विज्ञापन नं. १७३

१. पद र स्थानः– जनकपुर, अरुण, गण्डक, कपिलवस्तु, कर्णाली र महाकाली अञ्चल हुलाकसमेत लाई १।१ गरी जम्मा ६ जना नियन्त्रक अफिसर (गजेटेड तृतीय श्रेणी) स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यताः– बी. ए. वा सो सहर र हुलाक सम्बन्धी प्रशिक्षण प्राप्त गरेको प्रमाणपत्र पाएको हुनुपर्छ ।

३५२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. वान्छनीय योग्यता:– हुलाक सम्बन्धी काममा अनुभव भएकालाई ग्राह्यता दिइने छ।
४. मासिक तलबको स्केल:– तलब ने.रु. २७५। देखि ४२५। सम्म।
५. दरखास्त (फी) दस्तूर:– नगद ने.रु. ३। तीन रुपैयाँ।
६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति:– २०१८।४।१८।४.
७. सम्पर्क मिति:– २०१८।४।२३।२ का दिन ३ बजे।
८. अभ्यास अवधि:– १ एक वर्ष।
९. उमेर:– उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनुपर्छ।

## विज्ञापन नं. १७४

१. पद र स्थान:– जि. पि. ओ. र वीरगञ्ज हेड पोष्ट अफिससमेतलाई १।१ गरी दुइजना पोष्ट माष्टर (गजेटेड तृतीय श्रेणी), स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यता:– बी. ए. वा सो सरह र हुलाक सम्बन्धी प्रशिक्षण प्राप्त गरेको प्रमाणपत्र पाएको हुनुपर्छ।
३. वान्छनीय योग्यता:– हुलाक सम्बन्धी काममा अनुभव प्राप्त भएकालाई ग्राह्यता दिइनें छ।
४. मासिक तलबको स्केल:– तलब ने.रु. २७५। देखि ४२५। सम्म।
५. दरखास्त (फी) दस्तूर:– नगद ने.रु. ३। तीन रुपैयाँ।
६. दरखास्त आयोगामा आइपुग्नु पर्ने मिति:– २०१८।४।१८।४.
७. सम्पर्क मिति:– २०१८।४।२३।२ का दिन ३ बजे।
८. अभ्यास अवधि:– १ एक वर्ष।
९. उमेर:– उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको ३५ वर्ष ननाघेको हुनुपर्छ।

## विज्ञापन नं. १७५

१. पद र स्थान:– अतिथिसत्कार विभागलाई एक जना कूक, नन्‌गजेटेड चतुर्थ श्रेणी, स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यता:– कूकको काम जान्ने।
३. वान्छनीय योग्यता:– काममा विशेष दक्षता प्राप्त गरेकालाई ग्राह्यता दिइने छ।
४. मासिक तलबको स्केल:– तलब ने.रु. ५५। देखि ७०। सम्म।
५. दरखास्त (फी) दस्तूर:– नगद ने.रु. १। एक रुपैयाँ।
६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति:– २०१८।५।१५।५.
७. सम्पर्क मिति:– २०१८।५।२१।४ का दिन ३ बजे।
८. उमेर:– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनुपर्छ।

## विज्ञापन नं. १७६

१. पद र स्थान:– स्वास्थ्य संस्थालाई एक जना उपवैद्य, नन्‌ गजेटेड चतुर्थ श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने।

३६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आवश्यक न्यूनतम योग्यताः– श्री ५ को सरकारबाट स्वीकृत आयुर्वेद विद्यालयमा पढी आयुर्वेद मध्यमा, उप-वैद्य वा सो सरह पास।

३. वान्छनीय योग्यताः– सरकारी छात्रवृत्ति बाट पढी पास भएकालाई विशेष ग्राह्यता दिइनेछ।

४. दरखास्त (फी) दस्तूरः– नगद ने.रु. १। एक रुपैयाँ।

५. मासिक तलबको स्केलः– ने.रु. ६०। देखि १०५। सम्म।

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– २०१८।५।२०।३.

७. सम्पर्क मितिः– २०१८।५।२३।६ का दिन ३ बजे।

८. उमेरः– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ।

## विज्ञापन नं. १७७

१. पद र स्थानः– यातायात विभागलाई रेल्वेको निमित्त एक जना डाक्टर गजेटेड तृतीय श्रेणी, (प्राविधिक) स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः– एम्. बी. बी. एस्. पास।

३. मासिक तलबको स्केलः– सरकारको प्रचलित स्केल बमोजिम।

४. दरखास्त (फी) दस्तूरः– नगद ने. रु. ३। तीन रुपैयाँ।

५. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– २०१८।४।२०।६.

६. सम्पर्क मितिः– २०१८।४।२३।२ का दिन ४ बजे।

७. उमेरः– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ।

आज्ञाले,

विनोदप्रसाद धिताल,

सचिव, लोकसेवा आयोग।

## नेपाल लोकसेवा आयोगको विज्ञापन नं १७८

विभिन्न मन्त्रालय, विभाग र अड्डाहरूमा हाल खाली भैरहेका र पछि रिक्त भै मांग प्राप्त हुन आएमासमेत लिखित प्रतियोगितात्मक परीक्षा र त्यसपछि हुने अन्तर्वार्ताको फलबाट सिफारिश हुने गरी नन् गजेटेड अफिसर (ना.सु. वा सो सरह) पदको दोस्रो समूह ०१७।०१८ को निमित्त खुला प्रतियोगितात्मक परीक्षा लिने प्रबन्ध भएको छ। योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १(२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित फी दस्तूर र परीक्षा दस्तूरसहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा बुझाउनु पर्छ। दरखास्त दिंदा आफूले पाएको शुरूदेखिको सक्कल प्रमाण-पत्र को नक्कल र मार्कशीटको नक्कलहरू औ नागरिकताको प्रमाण-पत्रसमेत सबै सामेल राखी पेश गर्नुपर्छ। पेश गरेका प्रमाण पत्रहरूको सक्कल प्रति अन्तर्वार्ताको दिन साथै लिई आउनुपर्छ।

३६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

योग्यता पुगेका उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित मितिमा यस आयोग-संग सम्पर्क राख्नु पर्छ । सम्पर्कका दिन उम्मेदवारहरूले यस आयोगसंग सम्पर्क नराखेमा परीक्षाको निमित्त अर्को सूचना गरिने छैन । दरखास्तको म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्मा भै सबैलाई असुविधा हुने हुंदा समयमा नै दरखास्त दाखिल हुन सूचना गरिन्छ । साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, फी दस्तूर र परीक्षा दस्तूर नभएको तथा म्याद नाघी दाखिल भएका दरखास्त उपर कुनै कारवाइ हुनेछैन ।

बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त (फी) दस्तूर तथा परीक्षा दस्तूर सहित आफ्ना विभागीय प्रमुख ( विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख ) को सिफारिश पेश गर्नुपर्छ । दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी गौंडा र गोस्वाराहरूमा पनि पाइने छ । एक फारामको निमित्त ने.रु. ।१० दश पैसा मोल तिरी सोझै यस आयोग-बाट चाहिने जति झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ ।

विवरण

१. पदः– नन् गजेटेड अफिसर नायब सुब्बा तथा सो सरहको पद, नन्गजेटेड प्रथम श्रेणी, स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः– इण्टर मिडिएट वा सो सरह र निजामती मध्यम पास ।

(१) निजामती मध्यम पास नभएकाहरूले पनि परीक्षामा सामेल हुन पाउने छन् । तर निजामती मध्यम पास नभएका उम्मेदवारहरू सिफारिश भएमा सिफारिश पाएका मिति पछि २ पटकसम्म खुलेको निजामती मध्यम परीक्षामा सफल हुन नसकेमा स्वतः खारेज हुने शर्तमा मात्र नियुक्त हुन सक्ने छ ।

(२) तोकिएको शैक्षिक योग्यता नपुगेका स्थायी बहालवाला सरकारी कर्मचारीहरूले परीक्षामा भाग लिन निम्नलिखित शर्त पूरा गर्नुपर्छ ।

(क) एक तह मुनिका बहालवाला कर्मचारीहरूले आफ्नो हालको पदमा २ वर्षको अवधि बिताएको हुनुपर्दछ ।

(ख) २ तह मुनिका बहालवाला कर्मचारीहरूले जम्मा ५ वर्ष अटूट नोकरीको अवधि र हालको पदमा २ वर्ष अवधि बिताएको हुनुपर्छ ।

(ग) उपदफा (क) र (ख) मा उल्लिखित कर्मचारीहरू बाहेक अरूको शैक्षिक योग्यता पुगेको हुनुपर्छ ।

यस्ता कर्मचारीहरूले दरखास्त पेश गर्दा माथि लेखिए बमोजिम सबै विवरण स्पष्ट खुलाई दरखास्त भरी पठाउनु पर्छ । सबै उम्मेदवार-हरूको निमित्त एउटै पाठ्यक्रम तथा एउटै सार्वजनिक प्रतियोगितात्मक परीक्षा हुनेछ ।

३६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मासिक तलबः– प्रचलित स्केल बमोजिम हुनेछ ।

४. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– २०१८।४।२५।४.

५. सम्पर्क मितिः– २०१८।५।६।६.

६. दरखास्त (फी) दस्तूरः– नगद ने.रु. १।५० एक रुपैयाँ पचास पैसा ।

७. परीक्षा दस्तूरः– नगद ने.रु. १२। बाह्र रुपैयाँ ।

८. उमेरः– सरकारी पदमा स्थायी बहाल नरहेका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनुपर्छ ।

९. नियुक्तिः– प्रथम नियुक्तिको समयमा उम्मेदवारहरूलाई ६ महीनाको परीक्षण अवधि (प्रोवेशन पिरिएड) मा लिइने छ । औ उपयुक्त ठहरिएमा ६ महीनापछि निजहरूको स्थायी थमौती (कन्फर्मेशन) हुनेछ ।

१०. परीक्षाः– परीक्षाको स्तर साधारणतया विश्वविद्यालयको इन्टर मिडियट परीक्षा सरह हुनेछ । उक्त परीक्षामा अनिवार्य ४ विषयहरूमा ४ पत्र औ इच्छाधीन ३ विषयहरूमा ३ पत्र गरी जम्मा ७ पत्रको हुनेछ । परीक्षा निमित्त निम्नलिखित विषयहरू रहनेछन् ।

| (क) अनिवार्य विषय | | पूर्णांक |
|---|---|---|
| (१) प्रथम पत्रः– निबन्ध | | १०० |
| (२) द्वितीय पत्रः– इतिहास र भूगोल | | १०० |
| (अ) नेपालको इतिहास | ६० | |
| (आ) नेपालको भूगोल | ४० | |
| (३) तृतीय पत्रः– साधारण ज्ञान | | १०० |
| (४) चतुर्थ पत्रः– ऐन स्रेस्ता | | १०० |
| (अ) ऐन | ६० | |
| (आ) स्रेस्ता | ४० | |

इच्छाधीन विषयः– तल दिएका मध्ये कुनै तीन ।

(१) ऐन स्रेस्ता (२) वर्तमान संसार
(३) अंग्रेजी (४) संस्कृत
(५) अर्थ शास्त्र (६) नागरिक शास्त्र
(७) इतिहास (८) गृह विज्ञान
(९) गणित वा वाणिज्य अंक गणित (१०) फिजिक्स (भौतिक शास्त्र)
(११) केमिष्ट्री (रसायन शास्त्र) (१२) बायोलजी (जीव शास्त्र)
(१३) कर्मासियल जोग्राफी (वाणिज्य भूगोल) (१४) एकाउण्टेन्सी एण्ड बूक किपिङ्ग
(१५) बैंकिग ।

३५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. उक्त लिखित परीक्षा यही २०१८ साल भाद्र महीनाको दोस्रो हप्तादेखि शुरू हुनेछ । परीक्षाको कार्यक्रम र परीक्षा हुने स्थान पछि सम्पर्क मितिमा यस आयोगको सूचना पाटीमा प्रकाशित हुनेछ ।

द्रष्टव्यः— १. पाठ्यक्रम बारे बुझ्न यस आयोगसंग सम्पर्क राख्नुपर्छ ।

२. दरखास्त दिने उम्मेदवारहरूले दरखास्त फारमको पृष्ठ ४ को तलतिर "मिति अड्डा विभाग" लेखिएकोभन्दा मुनि खाली ठाउँमा दफा २१ इच्छाधीन विषय भनी जनाई आफूले रोजेको विषय ३ को नाम स्पष्टसंग लेख्नुपर्छ । पछि कुनै हालतमा पनि अदल बदल गर्न पाइनेछैन ।

आज्ञाले,
विनोदप्रसाद धिताल,
सचिव, लोकसेवा आयोग ।

## नेपाल लोकसेवा आयोगको विज्ञापन नं. १७९

विकास मन्त्रालय, स्वायत्त शासन विभागलाई विकास जिल्ला अफिसको निमित्त खरीदार सरहका पञ्चायत सुपरभाइजर ३२ पद पूर्ति गर्न मांग प्राप्त हुन आएकोले सो पदहरूको निमित्त र विभिन्न मन्त्रालय, विभाग र अड्डाहरूमा हाल खाली भैरहेका र पछि रिक्त भै मांग प्राप्त हुन आएमा समेत लिखित प्रतियोगितात्मक परीक्षा र त्यसपछि हुने अन्तर्वार्ता-को फलबाट सिफारिश हुने गरी खरीदार पदको पहिलो समूह ०१७।१८ को निमित्त खुला प्रतियोगितात्मक परीक्षा लिने प्रबन्ध भएको छ । योग्य नेपाली उम्मेदवारहरूले यस आयोग-को दरखास्त फाराम नं. १(२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित फी दस्तूरसहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउनु वा बुझाउनु पर्छ । दरखास्त दिंदा आफूले पाएको शुरूदेखिको सक्कल प्रमाण पत्रको नक्कल र मार्कशीटको नक्कल र नागरिकताको प्रमाणपत्रसमेत सबै सामेल राखी पेश गर्नुपर्छ पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताको दिन साथै ली आउनुपर्छ । योग्यता पुगेका उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित समयमा यस आयोगसंग सम्पर्क राख्नुपर्छ । सम्पर्कका दिन उम्मेदवारहरूले यस आयोगसंग सम्पर्क नराखेमा परीक्षामा बस्न पाउने अधिकार पाइनेछैन । दरखास्तको म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्मा भै सबैलाई असुविधा हुने हुँदा समयमा नै दरखास्त दाखिल हुन सूचना गरिन्छ । साधारणतया उम्मेदवार-हरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, फी दस्तूर र परीक्षा दस्तूर नभएको तथा म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै कारवाइ हुनेछैन ।

३६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा फी दस्तुरसहित आफ्ना विभागीय प्रमुख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख) को सिफारिश पेश गर्नुपर्छ। दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा, गोस्वाराहरूमा पनि पाइने छ। एक फारामको निमित्त नें. रु. ।१० पैसा तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ। दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ।

विवरणः

१. पदः खरीदार वा सो सरहको पद, नन्‌गजेटेड् द्वितीय श्रेणी, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः एस्.एल्.सी. वा सो सरह, निजामती मध्यम पास।

(१) निजामती मध्यम पास नभएकाहरूले पनि परीक्षामा शामेल हुन पाउनेछन्। तर, निजामती मध्यम पास नभएका उम्मेदवारहरू सिफारिश भएमा सिफारिश भएका मितिदेखि २ पटकसम्म खुलेको निजामती मध्यम परीक्षामा सफल हुन नसकेमा स्वतः खारेज हुने शर्तमा मात्र नियुक्त हुनसक्नेछ।

(२) तोकिएको शैक्षिक योग्यता नपुगेका स्थायी बहालवाला कर्मचारीहरूले परीक्षामा भागलिन निम्नलिखित शर्त पूरा गर्नुपर्छ।

(क) एक तह मनिका बहालवाला कर्मचारीहरूले आफ्नो हालको पदमा २ वर्षको अवधि बिताएको हुनुपर्छ।

(ख) २ तह मनिका बहालवाला कर्मचारीहरूले जम्मा ५ वर्षको अटूट नोकरीको अवधि र हालको पदमा २ वर्ष अवधि बिताएको हुनुपर्छ।

(ग) उपदफा (क) र (ख) मा उल्लिखित कर्मचारी बाहेक अरूको शैक्षिक योग्यता पुगेको हुनुपर्छ।

यस्ता कर्मचारीहरूले दरखास्त पेश गर्दा माथि लेखिए बमोजिम सबै विवरण स्पष्ट खुलाई दरखास्त भरी पठाउनु पर्छ र सबै उम्मेदवारहरूको निमित्त एउटै पाठ्यक्रम तथा एउटै सार्वजनिक प्रतियोगितात्मक परीक्षा हुनेछ।

३. वाञ्छनीय योग्यताः पञ्चायत सुपरभाइजर पदका निमित्त चाहिने शैक्षिक योग्यता पुगेका गत वर्ष पञ्चायतको तालीम प्राप्त गरी जिल्ला जिल्लामा काम गरी खारेजमा पर्न गएका र पञ्चायत सम्बन्धी डिप्लोमा प्राप्त व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ।

४. मासिक तलबको स्केलः प्रचलित स्केल बमोजिम हुनेछ।

५. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः २०१८।४।२३।२.

६. सम्पर्क मितिः २०१८।५।७।४ का दिन ४ बजे।

७. दरखास्त दस्तूरः नगद ने.रु. १।– एक रुपैयां।

३६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. परीक्षा दस्तूरः नगद ने.रु. १०।– दश रुपैयां ।

९. उमेरः उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनुपर्छ ।

१०.नियुक्तिः प्रथम नियुक्तिको समयमा उम्मेदवारहरूलाई ६ महीनाको परीक्षण अवधि (प्रोवेशन पिरियड) मा लिइनेछ । औ उपयुक्त ठहरिएमा ६ महीनापछि निजहरूको स्थायी थमौती (कन्फर्मेशन) हुनेछ ।

११.परीक्षाको स्तरः साधारणतया विश्वविद्यालयको एस.एल्.सी. परीक्षा सरह हुनेछ ।

उक्त परीक्षामा अनिवार्य ३ विषयहरूमा तीन ३ पत्र र इच्छाधीन २ विषयहरूमा २ पत्र गरी जम्मा ५ पत्र को हुनेछ । परीक्षाका निमित्त निम्नलिखित विषयहरू रहनेछन् ।

| | | |
|---|---|---|
| (क) अनिवार्य विषयः | | पूर्णाङ्क |
| १. प्रथम पत्रः निबन्ध, साधारण ज्ञानः– | | १०० |
| (क) निबन्ध | ४० | |
| (ख) साधारण ज्ञान | ६० | |
| २. द्वितीय पत्रः नेपालको भूगोल र इतिहास | | १०० |
| (क) नेपालको इतिहास, संवत् १८२५ उप्रान्त | ६० | |
| (ख) नेपालको भूगोल | ४० | |
| ३. तृतीय पत्रः ऐन, श्रेस्ता | | १०० |
| ऐन | ६० | |
| श्रेस्ता | ४० | |

(ख) इच्छाधीन विषयः तल दिएका मध्ये कुनै दुइ

१. ऐन, श्रेस्ता
२. वर्तमान संसार
३. अंग्रेजी
४. संस्कृत
५. गणित वा अंकगणित
६. सामान्य विज्ञान वा गृह विज्ञान

१२.उक्त लिखित परीक्षा यही २०१८ साल भाद्र महीनाको दोस्रो हप्तातिरदेखि शुरू हुनेछ। परीक्षको कार्यक्रम र परीक्षा हुने स्थान पछि सम्पर्क मितिमा यस आयोगको सूचनापाटीमा प्रकाशित हुनेछ ।

३६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रष्टव्यः

१) पाठ्यक्रमबारे केही बुझ्नु परेमा यस आयोगसंग सम्पर्क राख्नुपर्दछ ।

२) दरखास्त दिने उम्मेदवारहरूले दरखास्त फारामको पृष्ठ ४ को तलतिर "मिति अड्डा विभाग" लेखिएको भन्दा मनि खाली ठाउंमा दफा नं. २१ इच्छाधीन विषय जनाई आफूले रोजेको विषय २ को नाम स्पष्टसंग लेख्नुपर्छ । पछि कुनै हालतमा पनि अदल बदल गर्न पाइने छैन ।

आज्ञाले
विनोदप्रसाद धिताल
सचिव
लोकसेवा आयोग

गोरखापत्र छापाखानामा मुद्रित

369

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

362

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।